**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख १२ गते**

लकडाउनका कारण किसानहरूले उत्पादन गरेको तरकारी बिक्री गर्न र उपभोक्तासम्म पुर्‍याउन कृषि ज्ञान केन्द्र दाङले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । बाँकेमा नेपाल भारत सिमा नजिक क्वारेण्टाइनमा राखिएका २६ जिल्लाका १ सय ८१ जनालाई वैशाख १२ गते घर पठाइएको छ । रुपन्देही जिल्लामा कोरोना भाइरसको सङ्क्रमणका कारण अवरुद्ध भएको नियमित खोप कार्यक्रम बुटवल उपमनपाले वैशाख १२ गतेदेखि सुरू गरेको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार लकडाउनका कारण किसानहरूले उत्पादन गरेको तरकारी बिक्री नहुने र उपभोक्ताले तरकारी उपभोग गर्न नपाएपछि कृषि ज्ञान केन्द्र दाङले कृषि एम्बुलेन्स सेवा सुरू गरेको छ । कृषि ज्ञान केन्द्रका १ भ्न ७६३४ र बा १ भ्न ६५६० नम्बरका दुई वटा गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गरिएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत भरतमणि पोखेलले जानकारी दिनुभयो ।
जिल्लाका विभिन्न स्थानमा उत्पादन भएका तरकारी बजारसम्म ल्याएर उपभोक्तासम्म पुरयाउन एम्बुलेन्सको प्रयोग गरिएको छ । किसानले आफूले उत्पादन गरेका कृषि उपजबारे ज्ञानकेन्द्रमा जानकारी गराएपछि एम्बुलेन्स मार्फत किसानले तरकारी बजारमा बिक्री गर्ने गरेको पोखेलले जानकारी दिनुभयो । सरकारी अनुदान लिएका र व्यक्तिगत, समूह एवं सहकारीबाट सञ्चालित कृषि फर्ममा पुगेर तरकारी ढुवानी तथा बिक्रीमा सहजिकरणको काम गरिएको छ । तरकारीको बजार मूल्य निर्धारण भने दाङ जिल्ला उद्योग बाणिज्य सङ्घको समन्वयमा किसानले तोक्ने गरेका छन ।
यसैवीच कृषि ज्ञान केन्द्रले किसानहरूको समस्या समाधानका लागि र्‍यापिड रेस्पोन्स टिम गठन गरेको छ । केन्द्रका प्रमुख दिपक धितालको संयोजकत्वमा गठन टिमले किसानका समस्यालाई तत्काल सम्बोधन गर्न सहयोग गर्ने छ ।
तुलसीपुर उपमनपाले दीर्घरोगीहरूलाई घरमै औषधि पुर्‍याउन सुरू गरेको छ । साथै औषधि माग गर्नका लागि टोल फ्रि नम्बर समेत सार्जनिक गरेको छ । उपमनपाको टोल फ्रि नम्बर १६६०८२५२००० मा सम्पर्क गरेपछि आवश्यक औषधि घरैसम्म लैजाने व्यवस्था गरिएको छ । उपमनपा भित्र १ हजार १ सय ६८ मुटु रोग, ४ सय ३९ मधुमेह, ४ सय ५१ दम र अन्य १ सय ७५ जना गरी २ हजार २ सय ३३ दीर्घरोगी रहेको उपमनपाले जनाएको छ ।
जिल्लामा नौ जना आइसोलेशन र १ सय १५ जना क्वारेण्टाइनमा रहेका छन ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार जिल्लामा लकडाउनमा कडाइ गरिएको भएपनि जिल्ला बाहिरबाट पास लिएर सामुहिक रुपमा जिल्ला प्रवेश गरेका छन् ।
बैदेशिक रेमिटेन्स र बैक तथा बित्तिय संस्था बन्द भएका कारण दैनिक उपभोग्य सामाग्री जोहो गर्न अफ्ठेरो हुँदै गएको छ । जिल्ला भित्र उत्पादित दुध र तरकारी खपत नहुँदा किसान चिन्तित छन् । दैनिक १२ हजार दुध खपत भइरहेकोमा हाल ३ हजार लिटर दुध खपत भइरहेकोले किसानहरू मर्कामा परेका छन् ।
स्थानीय तहले निर्माण गरेका अधिकांस क्वारेण्टाइन विद्यालयमा राखिएकाले बेन्चहरु जोडेर बेड बनाइएकोले क्वारेण्टाइनमा बस्ने व्यक्तिलाई असहज भएको छ । वैशाख १२ गतेसम्म ६६ जना क्वारेण्टाइनमा रहेका छन् ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार  जिल्लामा १४ दिने क्वारण्न्टाइनमा बसेकाको स्वाव परीक्षणको रिपोर्ट नेगेटिभ देखिएका व्यक्तिहरूलाई  घर फर्कने क्रम बढेको छ।  नेपाल भारत सिमा नाका नजिक क्वारेण्टाइनमा राखिएका १ सय ८१ जनालाई वैशाख १२ गते घर पठाइएको छ।
जिल्ला स्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन नरेश श्रेष्ठका अनुसार वैशाख ११ गते भेरी अस्पतालमा पिसीआर विधिबाट २३ जनाको परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ।
यसैगरी विभिन्न जिल्लाबाट जाजरकोट, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर लगायतका ठाँउमा जान पुर्व पश्चिम राजमार्गमा पैदल यात्रा गरी आउने लाई कोहलपुर स्थित विभिन्न संघ संस्थाले खाना खुवाउने गरेको छन्  ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार परिवर्तन गाउँपालिकामा ३३ जना र थवाङ गाउँपालिकामा एकजना गरि ३४ जना व्यक्तिहरूको आरडीटी परीक्षणसँगै औलो रोगको पनि परीक्षण गरिएको छ। हालसम्म रोल्पामा २ सय ९२ जनाको आरडीटी परीक्षण गरिएकोमा  सबैको रिपोर्ट नेगेटिभ रहेको जिल्ला स्वास्थ्य कार्यलयले जनाएको छ। जिल्लामा किट अभाव भएका कारण क्वारेण्टाइनमा रहेका व्यक्ति, प्रत्यक्ष रुपमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा कारागारमा रहेका व्यक्तिहरूको पनि स्वास्थ्य परीक्षण  हुन सकेको छैन।  कोरोना सङ्क्रमणको रोकथामका गर्नुको साथै स्थानीय उत्पादन बढाउन रोल्पा नगरपालिकाले बाहिरबाट ल्याउने  तरकारीमा रोक लगाएको मेयर पुर्ण केसीले  बताउनु भयो।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार जिल्लामा  हाल सम्म १ हजार ४९ जना रहेकोमा ८ सय ३९ जना घर फर्किएका छन्। राष्ट्रिय मदरसा संघ नेपालले क्वारेण्टाइन महिला मैत्री बनाउन माग गर्दै ध्यानाकर्षण जनाएको छ। महिला तथा बालिकाहरू बलात्कार भएका घटनाहरु बढिरहेको प्रति चिन्ता गर्दै महिला र पुरुषहरुका लागि  छुट्टा छुट्टै भवनमा क्वारेण्टाइन बनाउन माग गरेको छ। राष्ट्रिय मदरसा संघका अध्यक्ष डा.अब्दुल गनी अल्कुफी र महासचिव मौलाना मसुद खाँ नेपालीद्वारा हस्ताक्षरित विज्ञप्तीमा  सरकार र सरोकारवाला गम्भीर हुन आग्रह गर्नु भएको छ।
यसैगरी  कोरोना भाइरसको जोखिम न्यूनिकरणका लागि सरकारले गरेको लक डाउनका कारण प्रभावित बनेका गरिब, मजदुर, विपन्न तथा असहाय घर परिवारलाई राष्ट्रिय युवा संघ नेपाल कपिलवस्तुले राहत वितरण गरेको छ। वाणगङ्गा नपा - ४ का ३ सय ७४ घर परिवारलाई ७ लाख रुपिँया मुल्य बराबरको खाद्यान्न  सहयोग प्रदान गरिएको छ।
वैशाख १३ गतेदेखि सुरू हुन गईरहेको इस्लाम धर्मावलम्बीहरूको रमजान पर्बको अवसरमा सम्पूर्ण ईस्लाम धर्मावलम्बीहरूमा प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले हार्दिक शुभकामना ब्यक्त गर्नुको विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट  बच्न सामाजिक दुरी कायम गर्दै , अनावश्यक भिड नगर्न तथा विश्व स्वास्थ्य सङ्गठन र विज्ञहरूले दिएको सुझाव पालना गर्न अनुरोध गरेको छ। उहाँले नेपाल सरकारले घोषणा गरेको लकडाउनको पूर्ण पालना गर्न अनुरोध समेत गर्नु भएको छ। सबै किसिमका फर्ज अथवा सुन्नत , तरावीह ,नफिल नमाज लगायतका कार्यक्रम आ-आफ्नो घरमा बसेर गर्न  आग्रह गर्नु भएको छ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार नेपाल भारत सिमासँग जोडिएको बहराइच जिल्लामा एक जना नेपाली सहित आठ जनामा कोरोना ङ्क्रमण पुष्टि भएपछि भारतसँग

सिमा जोडिएको क्षेत्रमा उच्च सतर्कता अपनाउन सुरक्षाकर्मीलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामीछानेले जानकारी दिनुभयो ।
भारतको बहराइचमा कोरोना सङ्क्रमण पुष्ट्रि भएका नेपाली बर्दिया जिल्ला ठाकुरबाबा नपा- २ का युवक कानपुरबाट घर आउने क्रममा बहराइचको क्वारेण्टाइनमा रहेका बेला कोरोना पुष्टि भएको हो । सङ्क्रमित युवाका भाई एक महिना अघि घर आएको स्वाव परीक्षणको रिर्पोट आउन बाँकी रहेकाले उनको घरसँगै सुजनपुर र खुलपुर गाउँ लक गरिएको छ । अर्को सुचना नआएसम्मका लागि वैशाख १२ गतेदेखि ठाकुरबाबा नगरभित्र मेडिकल बाहेक अन्य सबै पसलहरू आकस्मिक निर्णय गरेर बन्द गरिएको नगरपालिकाले जनाएको छ । वैशाख १२ गते ३ सय ४६ जना क्वारेण्टाइनमा थपिएका छन् ।
दुई हप्ता क्वारेण्टाइनमा बसेका मध्ये हालसम्म ३ सय ८६ जनाको आरडीटी विधिबाट कोरोना परीक्षण र २५ जनाको स्वाव परीक्षण गरिएको सबैका रिर्पोट नेगेटिभ आएको छ । जिल्ला अस्पतालको आइसोलेशनमा दुई बिरामी रहेका छन् ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार इस्मा गाउँपालिकाले कोरोना रोकथाम तथा नियन्त्रणको लागि १ करोड १५ लाखको कोष स्थापना गरेको छ । धुर्कोट गाउँपालिको राहत कोषमा ६८ लाख, रूरूक्षेत्र गाउँपालिकाको कोषमा ३१ लाख, मालिका गाउँपालिकामा ६० लाख, रेसुङ्गा नपामा ५० हजार, चन्द्रकोट गाउँपालिकामा कोषमा ४० लाख ५० हजार र मदाने गाउँपालिकामा ६० लाख रूपियाँको राहत कोष स्थापना गरेको छ । लकडाउनका कारण बन्द भएको समाजिक सुरक्षा भत्ता मालिका गाउँपालिकाले वितरण गर्न सुरू गरेको छ । भने सत्यवति गाउँपालिकाले जटिल प्रकारका रोगको औषधि सेवन गर्ने ज्येष्ठ नागरिकलाई घरमै औषधि वितरण गरेको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार बुटवल उपमनपाले कोरोना भाइरसको सङ्क्रमण्का कारण अवरुद्ध भएको नियमित खोप कार्यक्रम सुरू गरेको छ ।
उपमनपाले आधारभूत स्वास्थ्य अन्तर्गत रहेको नियमित खोप सेवालाई अवरुद्ध हुन नदिन स्वास्थ्यकर्मीहरूलाई पीपीइ सहित खोप लगाउन खटाएको छ ।
बालबालिकाका लागि चाहिने अत्यावश्यक र आधारभूत स्वास्थ्य सुरक्षा कवजका रुपमा लिइएको नियमित खोप प्रभावित हुदाँ अन्य जोखिम बढन सक्ने भन्दै खोपलाई निरन्तरता दिइएको स्वास्थ्य महाशाखा प्रमुख मित्रमणी खनालले बताउनु भयो ।
खोप कार्यक्रम अन्तर्गत बीसीजी, पेन्टा, ओपीभी, एफआइपीभी, पीभीसी, एमआर तथा जेई र टीटी नामका खोप लगाउन सुरू गरिएको हो । बुटवलमा जन्मिएदेखि २३ महिना पुगेका उमेर समूहका बालबालिकाहरूको सङ्ख्या करिब ६ हजार रहेको स्वास्थ्य शाखा प्रमुख कुन्दन कुमार सिंहले बताउनु भयो ।
यसैगरी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा १ सय ५८ जनाको थ्रोट स्वाव परीक्षण गरिएकोमा १ सय ५५ जनाको रिपोर्ट नेगेटिभ आएको र तीन जनाको प्रक्रियामा रहेको प्रयोगशालाका निमित्त प्रमुख डा. राजेन्द्र गिरीले बताउनु भयो ।
जिल्लामा क्वारेण्टाइनमा ३ सय ७२ जना रहेका छन् । भने एक जना पुरुष आइसोलेशनमा रहेका छन् ।

**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**